COVID-19 खोप

# तथ्यहरू प्राप्त गर्नुहोस् ।

## बुस्टर डोजहरू

अब 12+ उमेरहरूका लागि उपलब्ध

## COVID-19 खोपहरू प्रभावकारी छन् ।

COVID-19 खोपहरू एकदमै प्रभावकारी छन् । यदि तपाईंले पूर्ण रूपमा खोप लगाइसक्नुभएको छ भने तपाईं COVID-19 बाट सङ्क्रमित हुने र तपाईंले त्यसलाई प्रियजनहरूमा सार्ने सम्भावना हुँदैन । तपाईं सङ्क्रमित भइहाल्नुभयो भने पनि खोपले तपाईंलाई गम्भीर रूपमा बिरामी हुनबाट रोक्छ ।

## बुस्टरहरू सुरक्षित छन्

COVID-19 बुस्टरहरूमा सुरुका खोपहरूमा झैं समान सामग्रीहरू हुन्छन् जो करोडौं मानिसहरूका लागि सुरक्षित छन् भनेर प्रमाणित गरिएको छ । हल्का साइड इफेक्टहरू हुनु सामान्य नै हुन्छ । गम्भीर साइड इफेक्टहरू एकदमै विरलै हुन्छ ।





## बुस्टरहरूले तपाईंलाई सुरक्षित रहनमा मद्दत गर्छन्

बुस्टरहरू भनेको तपाईले पूर्णरूपमा खोप लगाइसके पछिका केही महिनाहरूमा लगाउने खोपका डोजहरू हुन् ताकि तपाईं COVID-19 बाट सुरक्षित रहिरहन सक्नुहोस् ।

धेरै खोपहरूका लागि बुस्टरहरू हुनु सामान्य कुरा हो । उदाहरणका लागि, वयस्क व्यक्तिहरूलाई हरेक 10 वर्षमा टिटानस खोपहरूका बुस्टरहरू आवश्यक पर्छ ।

वैज्ञानिकहरूले केही खोपहरू लगाइसके पछि समयको क्रमसँगै व्यक्तिको सुरक्षा घट्दै जान्छ र बुस्टरले उनीहरूलाई सुरक्षित रहिरहनमा मद्दत गर्छ भनेर पत्ता लगाएका छन् । COVID-19 बुस्टरले पनि सोही तरिकामा काम गर्छ ।

NRC-RIM
National Resource Center for Refugees, Immigrants, and Migrants

थप जानकारीका लागि: cdc.gov/coronavirus

## बुस्टर कसले प्राप्त गर्न सक्छन्

बुस्टरहरूले सबैजनालाई थप सुरक्षा प्रदान गर्छ तर तिनीहरू विशेषगरी COVID-19 लाग्ने उच्च जोखिम हुने वा गम्भीर रूपमा बिरामी हुने स्वास्थ्य समस्या, काम वा बसोबासका अवस्थाहरू भएका मानिसहरूका लागि महत्त्वपूर्ण हुन्छन्।

तपाईंको आप्रवासनको स्थिति जेजस्तो भएतापनि वा तपाईंसँग स्वास्थ्य बीमा वा परिचयपत्र भए वा नभए पनि बुस्टरहरू सबैका लागि नि:शुल्क छन्।



## अझ बढी थप सुरक्षा प्राप्त गर्नुहोस्

आफ्नो परिवार, आफ्नो समुदाय र आफूलाई सुरक्षित राख्ने सबैभन्दा उत्तम तरिका भनेको पूर्ण रूपमा खोप लगाउनु हो। बुस्टरहरूले अझ बढी थप सुरक्षा प्रदान गर्छन्। मास्क लगाउन जारी राख्नुहोस्, सामाजिक दूरीको अभ्यास गर्नुहोस् र तपाईं बिरामी हुँदा सबैजनालाई सुरक्षित राख्नका लागि घरमै बस्नुहोस्।

यदि बुस्टरहरूका बारेमा तपाईंका प्रश्नहरू छन् भने आफ्नो चिकित्सक, फर्मासिस्ट वा अन्य स्वास्थ्यकर्मीलाई सम्पर्क गर्नुहोस्।

## आफूलाई सुरक्षित राख्नुहोस्। आफ्नो समुदायलाई सुरक्षित राख्नुहोस्। खोप लगाउनुहोस्।